बागमती प्रदेश सरकार

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

# कृषि विकास निर्देशनालय

हेटौंडा, मकवानपुर

## बिद्युतीय बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८१/१२/१८)

यस निर्देशनालयको चालु आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार बागमती प्रदेशभित्रका विभिन्न स्थानहरुमा तपसील बमोजिमका आपुर्ति तथा जडान कार्यहरु गर्नुपर्ने भएको हुँदा इजाजत प्राप्त इच्छुक संस्था/फर्म/कम्पनीबाट निर्धारित समयभित्र बिद्युतीय बोलपत्र पेश गर्न आह्वान गरिन्छ ।

शर्तहरु :

१. बोलपत्र सम्बन्धी विवरण सार्वजनिक खरीद अनुगमन कार्यालयको वेभ पोर्टल www.bolpatra.gov.np/egp मार्फत प्राप्त सकिने छ । बिद्युतीय बोलपत्रको साथमा तल उल्लेखित बैंक खातामा तल उल्लेखित रकम जम्मा गरेको भौचर (पछि फिर्ता नहुने) वा राजश्व व्यवस्थापन सूचना प्रणालीबाट बुझाई सोको प्रतिलिपी समेत अपलोड गर्नु पर्नेछ । साथै चालु आ.व. को लागि नविकरण भएको इजाजत पत्र, आयकर एवं मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत अपलोड गर्नु पर्नेछ ।

२. बोलपत्र फारमसँग अन्य कागजातको साथ सिं.नं. १ मा उल्लेखित ठेक्काको लागि विगत ३ आर्थिक वर्षमा औषत वर्षको रु. १,२३,००,०००।०० (रु. एक करोड तेइस लाख) बराबरको कारोबार गरेको देखिने कागजात एवं सरकारी वा अर्धसरकारी निकाय, सहकारी वा नीजि फर्म/कम्पनीमा पछिल्लो ३ आर्थिक वर्षभित्र कम्तिमा एकपटक यसै ठेक्का प्रकृतिको सामाग्री आपुर्ति तथा जडान कार्य गरेको लिखित प्रमाण समेत संलग्न राखी अपलोड गर्नु पर्नेछ । यसै गरी सि.नं. २ मा उल्लेखित ठेक्काको लागि विगत ३ आर्थिक वर्षमा औषत वर्षको रु. ९०,००,०००।०० (रु. नब्बे लाख) बराबरको कारोबार गरेको देखिने कागजात एवं सरकारी वा अर्धसरकारी निकाय, सहकारी वा नीजि फर्म/कम्पनीमा पछिल्लो ३ आर्थिक वर्षभित्र कम्तिमा एकपटक रु. १८,००,०००।०० (रु. अठार लाख) बराबरको यसै ठेक्का प्रकृतिको सामाग्री आपुर्ति तथा जडान कार्य गरेको लिखित प्रमाण समेत संलग्न राखी अपलोड गर्नु पर्नेछ । संयुक्त उपक्रमको हकमा यौटा साझेदारले उक्त शर्तको कम्तीमा ४०% र अर्को साझेदारले कम्तीमा २५% पूरा गरी संयुक्त रुपमा १००% शर्त पूरा गरेको हुनु पर्नेछ ।

३. विद्युतीय बोलपत्र सार्वजनिक अनुगमन कार्यालयको वेभपोर्टल मार्फत यो सूचना प्रकाशित मितिले ३१ औं दिन दिनको १२:०० बजेभित्र दाखिला गरिसक्नु पर्नेछ । दाखिला गरिएका विद्युतीय बोलपत्रहरु सोही दिन दिनको २:०० बजे खोलिने छ । तोकिएको समयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा बोलपत्रहरु खोलिने छ । प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा परेमा बिदापछि कार्यालय खुलेको पहिलो दिन माथि उल्लेखित समयमा बिद्युतीय बोलपत्रहरु खोल्ने कार्य हुनेछ ।

४. बोलपत्र फारमसाथ तल उल्लेख भए बमोजिमको धरौटी रकम तल उल्लेखित प्रदेश लेखा नियन्त्रक कार्यालय, हेटौंडाको नाममा रहेको धरौटी खातामा नगद जम्मा गरिएको भौचरको प्रतिलिपी वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस निर्देशनालयको नाममा जारी गरिएको बोलपत्र बुझाउने अन्तिम दिनबाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (विड बण्ड) को प्रतिलिपी अनिवार्य रुपमा अपलोड गर्नु पर्नेछ ।

५. बोलपत्रदाताले बोलपत्रसाथ बोलपत्रदाता खरीद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरीद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वयं घोषणाको प्रतिलिपी समेत अपलोड गर्नु पर्नेछ ।

६. यस सूचनाको सि.नं १, २, ४ र ५ मा उल्लेख भए बमोजिमको कागजातहरु संलग्न नभएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

७. बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस निर्देशनालयमा सुरक्षित रहने छ ।

८. यस सूचनामा उल्लेख गर्न छुट भएका अन्य शर्त/व्यहोराहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम साथै सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानून अनुसार हुनेछ ।

तपसील

| सि. नं. | ठेक्का नं. | विवरण | बोलपत्र दस्तुर | धरौटी/बैंक ग्यारेण्टी रकम तथा धरौटी खाता नं. | बोलपत्र दस्तुर जम्मा गर्ने बैंक, खाता र राजश्व शीर्षक नं. |
|---|---|---|---|---|---|
| १ | ADD/GOODS/ NCB/04/081/082 | Supply and Installation of a Cold Chamber Structure for Commercial Mushroom Production | ५०००।- | ६,१४,०००।- प्र.ले.नि.का. मकवानपुर खाता नं. १३००१००२०२०३०००० (रा.वा.बैंक हेटौंडा) | रा.बा.बैंक, हेटौंडा खाता नं. १०००१००२०००१०००० कार्यालय कोड : ३१२०१३२०१३ शीर्षक नं. १४२२९ |
| २ | ADD/GOODS/ NCB/05/081/082 | Supply, Delivery and Installation of 560 sq.m. Naturally Ventilated Greenhouses (10 Sets) in Differnet Locations of Bagamati Province | ३०००।- | ४,४८,०००।- प्र.को.ले.नि.का. मकवानपुर खाता नं. १३००१००२०२०३०००० (रा.वा.बैंक हेटौंडा) | ,, |

निर्देशक